त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १४ मितिः २०८०/०९/२८

## भाग १

## त्रिपुरासुन्दरी नगरपालिका आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०८०

**प्रस्तावनाः** त्रिपुरासुन्दरी नगरपालिका सर्वाङ्गिण विकासको लागि स्थानीय र राष्ट्रिय माग अनुसार शिक्षालाई सिपमुलक, रोजगारमुलक, प्रविधिमुलक बनाउदै प्रतिस्पर्दी एंव नैतिक र राष्ट्रिय विकासमा समर्पित जनशक्ति तयार गर्न, शैक्षिक क्षेत्रमा देखिएको असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिपुरासुन्दरी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस ऐनको नाम "त्रिपुरासुन्दरी नगरपालिका आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०८०" रहेको छ ।

ख) यो ऐन त्रिपुरासुन्दरी नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

ग) यो ऐन राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) प्रारम्भिक बालशिक्षा भन्नाले चार वर्ष उमेर पुरा गरेको बालबालिकाहरुलाई दिइने एक वर्ष अवधिको शिक्षालाई सम्झनु पर्छ ।

(ख) बाल शिक्षक भन्नाले प्रारम्भिक बाल शिक्षाको कक्षा सञ्चालन गर्ने शिक्षकलाई बुझिन्छ

(ग) "नगरपालिका" भन्नाले त्रिपुरासुन्दरी नगरपालिका, नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "नगर सभा भन्नाले "त्रिपुरासुन्दरी नगरपालिकाको नगरसभालाई" सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(च) "उप प्रमुख" भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(झ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई सङ्घीय सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ञ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनु पर्छ।

(ट) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ । “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि बाह्र कक्षा सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ठ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ड) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षालाई सम्झनु पर्छ :

(१) दृष्टिबिहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ढ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान,सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ण) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउनेगरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(त) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(थ) “शिक्षा समिति” भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(द) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्राज्ञिक एव प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ।

(ध) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(न) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(प) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बुवा, आमा वा बावु तर्फको बाजे बज्यैलाई जनाउँछ र अभिभावक नभएका विद्यार्थीहरुको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्ति वा संस्थालाई समेत जनाउँछ ।

(फ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ब) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको

ठाउँ वा क्षेत्रमा विद्यालयलाई दिएको अनुमति सम्झनुपर्छ ।

(भ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा त्रिपुरासुन्दरी नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ वा खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(म) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(य) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(र) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकि वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थार्यी रूपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(ल) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले ५ बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा सम्झनु पर्छ ।

(व) "मातृभाषा शिक्षा" भन्नाले नेपाली भाषा र देवनागरी लिपिमा दिइने शिक्षा बाहेकको नेपालमा बोलिने अन्य भाषा र लिपिमा दिइने शिक्षा सम्झनु पर्छ ।

(श) "परीक्षा समिति" भन्नाले त्रिपुरासुन्दरी नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित समिति भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

३. **विद्यालय खोल्न अनुमति लिनु पर्नेः** (१) कुनै नेपाली समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगर कार्यपालिकाको कार्यालयमा अनुमतिका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा सो निवेदन त्रिपुरासुन्दरी नगरपालिकाले आवश्यक जाँचवुझ गर्ने,जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको

सिफारिसमा कार्यपालिकाले विद्यालय खोल्न अनुमति दिन सक्ने छ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा नगर कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (२),(३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयहरूलाई शैक्षिक गुठीका रूपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(६) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत बिद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्दछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रूपमा दर्ता हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भएमा कम्तिमा सात जना र निजी गुठी भए कम्तीमा पाँचजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा त्रिपुरासुन्दरी नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयलाई अनुमति दिन सकिने छ । उपदफा ७, ८ र ९ मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमका आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकरण गर्न सकिनेछ ।

(१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(११) आबश्यक पुर्बाधार पुगेको अवस्थामा मातृभाषा शिक्षा संचालन गर्न त्रिपुरासुन्दरी नगरपालिकाले कुनै विद्यालयलाई आधारभुत र माध्यमिक तह संचालनको अनुमति र स्वीकृती दिन सक्नेछ ।

(१२) धरौटी राख्नु पर्ने : संस्थागत विद्यालय खोल्ने अनुमति लिदां विद्यालय संचालनको संरक्षण वापत तोकिए बमोजिम रकम धरौटीको रुपमा राख्नु पर्ने छ ।

४. **त्रिपुरासुन्दरी नगरपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** (१) नगर कार्यपालिकाले नगर शिक्षा समितिको सिफारिसका आधारमा हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, शिक्षाको गुणस्तरीयता र सञ्चालन क्षमताको

आधारमा एक आपसमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थपगरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम नगरपालिकाले गर्नेछ ।

५. **<u>अनुमति वा स्वीकृति रद्ध गर्नेः</u>** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध वा खारेजी गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्विकृति रद्ध वा खारेजी गर्नु अघि सम्बन्धित विद्यालयलाई सफाईको मौकाबाट वन्चित गरिने छैन् ।

६. **<u>शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन पूर्व अनुमति लिनु पर्नेः</u>** (१) कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति नलिई कुनैपनि किसिमको शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श ब्रिजकोर्ष सेवा, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै

शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** यस नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाई केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

८. **प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्थाः** प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर शिक्षा सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन वा संचालनको अनुमति दिन सक्नेछ ।

## परिच्छेद–३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

१०. **शिक्षाको प्रकार : विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछन्:**

(१) आधारभूत शिक्षा

(क) साधारण शिक्षा

(ख) परम्परागत धार्मिक शिक्षा

(ग) मातृभाषा शिक्षा

(घ) संस्कृत शिक्षा

(२) माध्यमिक शिक्षा

(क) साधारण शिक्षा

(ख) परम्परागत धार्मिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक शिक्षा

(घ) मातृभाषा शिक्षा

(ङ) संस्कृत शिक्षा

**११. <u>शिक्षाको माध्यमः</u>** १) विद्यालयमा शिक्षाको माध्यम नेपाल भाषा, नेपाली, अग्रेजी वा तीनै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(क) आधारभुत शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**१२. <u>विद्यालयको वर्गीकरण तथा प्रकारः</u>** विद्यालयको वर्गीकरण देहाय बमोजिम हुने छन्ः

(क) सामुदायिक विद्यालय

(१) साधारण : साविकमा सङ्घीय सरकार वा नगरपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध भएको र शिक्षक व्यवस्थापन तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति र नगरपालिकाबाट संयुक्त रुपमा व्यवस्थापन हुने विद्यालय ।

(२) स्वायत्त : साविकमा सङ्घीय सरकार वा नगरपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध भएका र शिक्षक व्यवस्थापन विद्यालय व्यवस्थापन समितिबाट हुने विद्यालय ।

(३) एकमुष्ट अनुदानमा आधारित : नगरपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध नभएका र नहुने तर विद्यार्थी संख्याको आधारमा नगरपालिकाबाट एकमुष्ट अनुदान पाउने गरी सञ्चालन हुने विद्यालय।

(ख) संस्थागत विद्यालयः

(१) कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालय

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय

(३) सहकारीबाट सञ्चालित विद्यालय

१३. **विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः** विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड पुरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुनेगरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही नगरपालिकावाट स्वीकृत गराई स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री तयार गरी लागू गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ ।

१४. **परीक्षा सञ्चालनः** परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ । तर आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) त्रिपुरासुन्दरी नगरपालिकाले संचालन गर्नेछ ।

१५. **परीक्षा समिति सम्बन्धी ब्यबस्थाः** (१) आधारभुत तहको अन्तिम परीक्षा (कक्षा ८) संचालन तथा ब्यबस्था गर्न देहाय बमोजिमको नगरस्तरीय परीक्षा समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीः अध्यक्ष

(ख) सामुदायिक विद्यालयका शिक्षक मध्ये नगर शिक्षा समितिले मनोनित गरेका कम्तिमा १ जना महिला सहित फरक फरक विषयका ३ जना शिक्षक सदस्य

(ग) संस्थागत विद्यालयका शिक्षकबाट नगर शिक्षा समितिले मनोनित गरेका १ जना महिला सहित २ जना सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी सदस्य — सचिव

(२) समितिका मनोनित सदस्यको पदावधि २ बर्ष हुनेछ ।

(३) परीक्षा समितिको बैठक र परीक्षा संचालन सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## त्रिपुरासुन्दरी नगर शिक्षा समिति

**१६. नगर शिक्षा समितिः** नगरपालिका क्षेत्रभित्र संचालन भईरहेको र सचालन हुने विद्यालयको ब्यबस्थापन रेखदेख र समन्वय लगायतका कार्य गर्नका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ ।

(१) त्रिपुरासुन्दरी शिक्षा समितिको गठनः

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाको उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको नगरपालिकाको सदस्यहरु मध्येवाट एकजना महिला सहित तीनजना – सदस्य

(ङ) शिक्षा हेर्ने विषयगत समितिको संयोजक – सदस्य

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट नगर शिक्षा समितिले मनोनीत गरेको एकजना सदस्य

(छ) स्थानीय समाजसेवी वा शिक्षा क्षेत्रमा क्रियाशिल वीज्ञ मध्येवाट नगर शिक्षा समितिवाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीन जना सदस्य

(ज) नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट नगरपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना सदस्य

(झ) नगरपालिका स्थित विशेष शिक्षा,समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्वन्धी शिक्षण संस्थावाट प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले

मनोनीत गरेको अपाङ्गता भएका व्यक्ति एकजना सदस्य

(ञ) शिक्षा शाखा प्रमुख सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफनो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(४) त्रिपुरासुन्दरी नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) त्रिपुरासुन्दरी नगरपालिका भित्रको शैक्षिक नीति योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति गर्ने । विद्यालय सार्ने, गाभ्ने र बन्द गर्ने सम्वन्धमा कार्यपालिकामा सिफारिस गर्ने,

(ग) विद्यालयहरुका लागि आवश्यक आर्थिक अनुदान तथा श्रोतको खोजी गर्ने,

(घ) त्रिपुरासुन्दरी नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने परीक्षाहरुलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(ङ) त्रिपुरासुन्दरी नगरपालिका क्षेत्रभित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(च) व्यवसायिक शिक्षा तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक, सीपमूलक प्राविधिक शिक्षा विद्यालयको आवश्यकता एवम् परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने,जागरुक र सचेत गराउने,

(ज) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने,

(झ) विद्यालयहरुसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ट) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने,

(ठ) शैक्षिक गुठीसँग सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ड) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(ढ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्डका लागि सिफारिस गर्ने,

(ण) शिक्षक छनौट समितिको कार्यविधि तयार गरी नगर कार्यपालिकामा पेश गर्ने,

(त) शिक्षक छनौट गर्ने कार्यका लागि विशेषज्ञको सूची प्रकाशन गर्ने,

(थ) नगरपालिकाको शैक्षिक क्यालेण्डर तयारी गरी कार्यान्वयन गर्ने गराउने,

(द) प्रचलित कानून बमोजिम तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(५) नगर शिक्षा समितिको बैठक :

(१) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्ने छ ।

(२) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिबले बैठक बोलाउने छ।

(३) बैठक सम्बन्धी अन्य कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–५

## विद्यालय व्यवस्थापन समिति, शिक्षक संघ र विद्यालय संचालन सम्वन्धी व्यवस्था

१७. **बिद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयका अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना – सदस्य

(ख) विद्यालयरहेको यस नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य – सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई रु दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित

गरेको एकजना महिला सहित २ जना - सदस्य

(घ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छनौट गरी पठाएको १ जना शिक्षक - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आबद्धहरू मध्ये नगर शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य रहने छन्।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू

अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहने छन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समिति स्वयंले गर्नेछ ।

(७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा नगरपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानी पठाएका १ जना शिक्षक – सदस्य

(ङ) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्षले तोकेको वडा सदस्य एकजना – सदस्य

(च) नगरपालिकाले तोकेको शिक्षा शाखामा कार्यरत कर्मचारी ‘ सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(७) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(८) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने गराउने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने, त्यसको जानकारी नगर शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) विद्यालयमा रिक्त रहेको दरवन्दीमा अर्को स्थायी व्यवस्था नभए सम्म नगरपालिकाको स्वीकृति लिई करार शिक्षकको नियुक्ति गर्ने,

(ज) करार शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि निम्न अनुसारको शिक्षक छनौट समिति रहनेछ :

- विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अध्यक्षले तोकिएको विद्यालय व्यवस्थापन समितिको सदस्य – अध्यक्ष
- नगरपालिकाको सूचिकृत विषय विज्ञ मध्यवाट उपलव्ध भए सम्म एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना व्यक्ति – सदस्य
- शिक्षा शाखा प्रमुख वा निजले तोकिएको प्रतिनिधि – सदस्य
- विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(झ) नगरपालिकाले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसका प्रतिवेदन त्रिपुरासुन्दरी नगरपालिकाको शिक्षा शाखामा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालन गर्ने,

(ठ) विद्यालयको आन्तरिक स्रोतवाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमका कार्यवाही गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) त्रिपुरासुन्दरी नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(च) त्रिपुरासुन्दरी नगरपालिकाले तोके बमोजिमको न्यूनतम स्केल तलब नघटाई शिक्षकलाई तलब खुवाउने,

(छ) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(ज) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त त्रिपुरासुन्दरी नगरपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन,नीति ,नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालना गर्ने गराउने,

(झ) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलाप समेतको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ,

(ञ) विद्यालयले सङ्कलन गर्ने सबै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरुलाई प्रारिश्रमिक उपलब्ध गराउने, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा नगर शिक्षा समितिको निर्देशन पालना गर्ने गराउने,

(ट) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(११) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि तीन वर्षको हुनेछ ।

१८. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) कुनै व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनी नगर शिक्षा समितिले कारण सहित नगरपालिका कार्यालयमा सिफारिस गरेमा सोको कारण खुलाई नगरपालिकाले तोकिएको प्रक्रिया पूरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइने छ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१९. **शिक्षक अभिभावक संघः** (१) शिक्षक अभिभावक संघ सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा विद्यालयको काम कार्यविधिको सामाजिक परीक्षण गर्ने कार्य समेतका लागि शिक्षक अभिभावक संघ रहनेछ ।

(२) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. **विद्यालय सञ्चालन कार्यविधिः** (१) यो ऐन वा प्रचलित कानुनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त कृयाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराइ लागू गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) कार्यविधि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) नगरपालिकाले नगरको शैक्षिक विकासका लागि नमूना विद्यालयको विकास गर्न, आवश्यकतानुसार नमूना विद्यालय स्थापना गर्न वा हाल संचालित सामुदायिक विद्यालयहरु मध्येबाट

नमूना विद्यालयको रुपमा छनौट गरी संचालन गर्ने सक्नेछ। नमूना विद्यालयलाई थप सहयोगको व्यवस्था तोकिए बमोजिम गरिनेछ।

(६) विद्यालय सञ्चालन कार्यविधि “सार्वजनिक दस्तावेज” हुनेछ।

## परिच्छेद-६

## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाई छुट, सुविधा सम्वन्धी व्यवस्था

२१. **शिक्षा विकास कोषः** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न त्रिपुरासुन्दरी नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) त्रिपुरासुन्दरी नगरपालिका र स्थानीय श्रोतबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) दाताबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

२२. **कोष सञ्चालक समितिः** (१) कोष सञ्चालक समितिले तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२३. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,

(ख) त्रिपुरासुन्दरी नगरपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दाताबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

२४. **अनुदानको व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

२५. **<u>प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्नेः</u>** त्रिपुरासुन्दरी नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

२६. **<u>शुल्क सम्वन्धी व्यवस्थाः</u>** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ,

(३) सबै बाल—बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि त्रिपुरासुन्दरी नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ,

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ,

(५) संस्थागत विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि सोही शिर्षकमा शुल्क लिन पाउने छैन,

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन,

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क त्रिपुरासुन्दरी नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा त्रिपुरासुन्दरी नगरपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधा, विद्यालयको तह र बर्गीकरणको आधारमा दिनेछ,

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा त्रिपुरासुन्दरी नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउन सक्नेछ ।

२७. **छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** त्रिपुरासुन्दरी नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

२८. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार,आर्थिक रुपमा विपन्न, अपाङ्ग, दलित, अल्पसंख्यक वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा छात्रवृत्ति समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको ५ प्रतिशत छात्रवृतिको विवरण त्रिपुरासुन्दरी नगरपालिकामा पेश गर्नु पर्नेछ। बाँकी ५ प्रतिशत छात्रवरत्ति त्रिपुरासुन्दरी

नगरपालिकाले स्वामित्व ग्रहण गरी तोके बमोजिम विद्यालयमा सिफारिस गरे बमोजिम हुनेछ ।

२९. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले आफ्नो वा अन्य विद्यालयको काममा प्रयोगमा ल्याउन सक्नेछ । त्यसरी प्रयोगमा आउन नसक्ने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचविखन गर्न पाइने छैन ।

३०. **विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## दरवन्दी मिलान, शैक्षिक योग्यता,नियुक्ति र सरुवा सम्वन्धी व्यवस्थाः

३१. **दरबन्दी मिलानः** आवश्यक मापदण्ड सहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी नगर शिक्षा समितिले प्रत्येक वर्षको चैत्रभित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ।

३२. **शैक्षिक योग्यताः** विद्यालयको शिक्षक, कर्मचारी एवम् वालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३३. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** त्रिपुरासुन्दरी नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी

सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३४. **शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालय वा प्रशासनिक सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३५. **अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः** (१) दफा (३९) मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब ,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

३६. **शिक्षकको नियुक्ति, बढुवा र सरुवाः** (१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदान कोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ,

(२) वाल विकास सहयोगी कार्यकर्ताको योग्यता र सेवा शर्त सुविधा तोकिए बमोजिम हुनेछ,

(३) नगरपालिका भित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदान कोटा (राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर शिक्षा समितिले नगरपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा आवश्यकता अनुसार जुनसुकै बखत शिक्षक सरुवा गर्न सक्नेछ,

(५) नगरपालिका भित्र रिक्त दरवन्दीमा सेवा करारमा नियुक्ति गर्ने ब्यबस्थालाई प्राथामिकता दिईनेछ,

(६) शिक्षकको बढुवा प्रयोजनका लागि तोकिए बमोजिमको पद निर्धारण गरिनेछ ।

३७. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने:** बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणना समेत हुनेछैन।

३८. **प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्वन्धी व्यवस्थाः** (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ । प्रधानाध्यापकको नियुक्ति तोकिए बमोजिम हुनेछ,

(२) प्रत्येक सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमको शिक्षक र कर्मचारीहरुको दरबन्दी रहनेछ,

(३) उपदफा (१) र (२) बमोजिमका शिक्षक तथा कर्मचारी नियुक्ति, सेवाशर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमती लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

४०. **शिक्षक तथा कर्मचारीको पदिय आचरण तथा अन्य व्यवस्थाः** (१) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाइ विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ।सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा त्रिपुरासुन्दरी नगरपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ

(क) तोकिए बमोजिम पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यायलका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ।

## परिच्छेद-८

## विविध

४१. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

४२. **बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन । तर बाल बिज्याई (गम्भिर प्रकृतिको बदमासी) गरेको अवस्थामा आवश्यक कारवाहीका लागि सम्वन्धित विद्यालयले नगरपालिकामा सिफारिस गरी पठाउन बाधा पुगेको मनिने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

४३. **प्रगति विवरण बुझाउनु पर्नेः** सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका समक्ष बुझाउनु पर्नेछ। सामुदायिक विद्यालयले बार्षिक रुपमा सामाजिक परिक्षण र लेखा परिक्षण तोकिए बमोजिम सम्पन्न गरी नगरपालिकामा बुझाउनु पर्नेछ ।

४४. **दण्ड सजायः** १) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्यायमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक ब्रिजकोर्ष, कोचिङ्ग परामर्श, कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानुन विपरितका अन्य कार्य गरेमा ।

(३) कानुन बमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

४५. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

४६. **नगरपालिकाले निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धि छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका शर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरु दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु संस्था तथा विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

४७. **<u>नियम तथा नियमावली बनाउने अधिकारः</u>** (१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न नगरपालिका, नगर कार्यपालिकाले आवश्यक शिक्षा नियम तथा नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

४८. **<u>संक्रमणकालीन व्यवस्थाः</u>** (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआए सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमति नगरपालिकाले दिन सक्नेछ ।

४९. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

५०. **<u>खारेजी र बचाउः</u>** (१) यो ऐन बन्नु भन्दा पहिले प्रचलित कानुन अनुसार भए गरेका कामहरु यसै ऐन अनुसार भएको मानिनेछ र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस अघि भएका सम्पुर्ण कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

(४) संविधान, सङ्घीय र प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

प्रमाणीकरण मिति : २०८०/०९/२८

आज्ञाले

जग्दिश चन्द्र नेपाली

प्रमुख प्रशासकीय अधिकृत